# बटेश्वर गाउँपालिका
## गाउँ कार्यपालिकको कार्यालय
### बटेश्वर, धनुषा

# बालुवा, ढुङ्गा, गिटी र ग्रोभेलको उत्खन्न संकल्न गर्ने ठेक्का सम्बन्धी १५ (पन्ध्र) दिने सूचना

**प्रथम पटक प्रकाशित मिति :– २०७६/०८/११ गते**

यस गाउँपालिका कार्यालयबाट स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ३ को दफा ११ बमोजिम बटेश्वर गाउँपालिका बटेश्वर धनुषाको क्षेत्राधिकार भित्र पर्ने ढुङ्गा, गिटी, बालुवा, ग्राभेल र रोडाको बिक्री कर संकल्न गर्न ठेक्का बन्दोवस्त गर्नुपरेको हुँदा ठेक्का बन्दोवस्तको लागि आ.व. २०७६/०७७ को पौष १ गते देखि २०७७ जेष्ठ मसान्त सम्म बसही खोला, सुखजोड खोला, ओरही खोला, बिग्ही खोला, बडहरी खोला बाट ढुङ्गा, गिटी, बाकुवा, ग्राभेल र रोडाको बिक्री कर संकलन गर्न प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन (IEE) को परिधि भित्र रही १५ (पन्ध्र) दिने तपसिल बमोजिमको सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

| क्र.सं. | ठेक्का नं. | नदीघाटको नाम | उठाउन पाउने परिमाण वार्षिक | उठाउन पाउने परिमाण दैनिक | न्युनतम ठेक्काको रकम | प्रति घन.मि.दर |
|---|---|---|---|---|---|---|
| १ | 01/IR/BRM/2076-77 | बसही खोला | २०१६ | ७४.६६ | १०००००/ (एक लाख) | १०७ (रु. एक सय सात मात्र।) |
| २ | 02/IR/BRM/2076-77 | सुखजोड खोला | ७२०० | २६.६६ | १०००००/ (एक लाख) | |
| ३ | 03/IR/BRM/2076-77 | ओरही खोला | ८४०० | ३१.११ | ५०००००/ (पाँच लाख) | |
| ४ | 04/IR/BRM/2076-77 | बिग्ही खोला | ७२०० | २६.६६ | १०००००/ (एक लाख) | |
| ५ | 05/IR/BRM/2076-77 | बडहरी खोला | १४४०० | ५३.३३ | ७०००००/ (सात लाख) | |

१. बोलपत्र फारम बापत रु. १०००/ (एक हजार) मात्रको नगदी रसिद बुझाई यस कार्यालयबाट १५ (पन्ध्र) दिन भित्र बोलपत्र फारम खरिद गरिसकनुपर्ने छ।
२. बोलपत्र फारम यो सूचना प्रकाशित भएको मितिले १६ औं दिनको १२ बजे सम्म यस कार्यालयमा दर्ता गराउनुपर्नेछ।
३. सिलबन्दी बोलपत्र दर्ता भएको दिनको २ बजे यस कार्यालयको प्रतिनिधीहरु र बोलपत्र दाताहरुको प्रतिनिधिहरुको रोहवरमा खोलिने छ र बोलपत्र खोलिने समयमा बोलपत्र दाताको प्रतिनिधी उपस्थित नभए पनि बोलपत्र खोल्न कुनै बाधा हुने छैन।
४. शिलबन्दी बोलपत्रमा ठेक्का कबोल रकमको ५ प्रतिशतले हुने रकम यस कार्यालयको एन.एम.बी.बैक बटेश्वर स्थित रहेको धरौटी खाता नं. १०२००६७६३६३०००३२ मा नगद रकम जम्मा गरेको सक्कल बैंक भोचर साथै बोलपत्र दाताले आफ्नो नेपाली नागरीकताको प्रतिलिपी र फर्मको हकमा पान दर्ता प्रमाणपत्र, ईज्जात पत्र समेतको प्रतिलिपी पेश गर्नुपर्नेछ।
५. बोलपत्र दाताले फारम भर्दा आफुले कबोल गरेको ठेक्का रकम अंक र अक्षरमा स्पष्ट लेखी खाम बन्दी गरी सिल, लाहा छाप लगाई खामको माथी आफ्नो फर्मको नाम, ठेगाना, सम्पर्क नं. र ठेक्का नं. लेखी बोलपत्र दर्ता गराउनुपर्नेछ।
६. बोलपत्र फारममा भरेको रकमको अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ।
७. बोलपत्र खरिद गर्ने तथा दर्ता गराउने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा उक्त कार्य भोलिपल्ट कार्यालय खोलिएको दिनमा गरिनेछ।
८. न्युनतम ठेक्का रकम भन्दा सबैभन्दा बढी ठेक्का रकम कबोल गर्ने बोलपत्र स्वीकृत गरिनेछ।
९. बोलपत्र स्वीकृत पश्चात पत्र बुझेको सात (७) दिन भित्र सम्झौता गर्न नआएमा ५ प्रतिशत राखेको धरौटी जफत हुनेछ।
१०. ठेक्का सम्झौताको समयमा ठेकेदारले पहिलो किस्ता बापत कबोल अकंको ४० प्रतिशत रकम यस कार्यालयको एन.एम.बि बैंक बटेश्वर स्थित रहेको आन्तरिक स्रोतको खाता नं. १०२००६७६३६३०००७२ मा जम्मा गरेको सक्कल भौचर पेस गर्नुपर्नेछ र बाँकी किस्ता २०७६ चैत्र मसान्त सम्ममा जम्मा गर्नुपर्नेछ।
११. ठेकेदारले ठेक्का सम्झौता गर्न आउँदा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंकको क वर्गको मान्यता प्राप्त बैंकबाट अषाढ मसान्त सम्म म्याद भएको बैंक ग्यारेन्टी पेश गर्नुपर्नेछ।
१२. ठेक्का अवधी २०७६ पोष १ देखि २०७७ जैष्ठ मसान्त सम्मको रहनेछ।
१३. ठेक्का सम्झौता भई सकेपछि बन्द, हडताल वा कुनै कारण देखाई ठेक्का रकममा कुनै प्रकारको छुट र मिन्हा माफी दिईने छैन्।
१४. ठेकेदारले सम्झौताको समयमा कबोल गरेको ठेक्का अंकको सम्पुर्ण रकम एकमुष्ट बुझाएमा ५ प्रतिशत सम्म नियमानुसार छुट दिन सकिनेछ।
१५. बालुवा, ढुङ्गा, गिटी, रोडा र ग्राभेलको बिक्री कर प्रतिघन मिटर रु. १०७ को दरले लिन पाउनेछ।
१६. यस कार्यालयले निर्धारिण गरेको दररेट भन्दा बढी असुल गरेमा नियमानुसार कारवाही भई ठेक्का रद्ध समेत गर्न सकिनेछ।
१७. ठेकेदारले ठेक्का भोगचलन गर्दा यस कार्यालयको निर्देशन र सम्झौतामा उल्लेखित शर्त बमोजिम कार्य गर्नुपर्नेछ।
१८. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस गाउँपालिकामा निहित रहनेछ।
१९. केरमेट भएको, सहि छाप नभएको, म्याद नाघि दर्ता हुन आएको बोलपत्र स्वीकृत गरिने छैन्।
२०. बोलपत्र दाता तथा गाउँपालिका बिच कुनै किसिमको मतभिन्नता भएमा गाउँपालिकाको निर्णायलाई अन्तिम निर्णय मानिनेछ।
२१. यस सूचनामा उल्लेख भएका कुराहरु यसै बमोजिम र नभएको कुरा को हकमा प्रचलित कानुन बमोजिम हुनेछ।
२२. नदी वा खोला उत्खन्न तथा संकलन गर्न हेभी ईकुपमेन्ट प्रयोग गर्न पाईने छैन्।
२३. बालुवा ढुङ्गा गिटी रोडा र ग्राभेलको बिक्री कर प्राकृतिक धारा, किनारा, घाट, पुल-पुलेसा, लोकमार्ग तथा सार्वजनिक स्थललाई क्षेती नपुग्ने गरी नदीबहाव बाट ५ मि. छोडेर जम्मा किनाराको दुई तिहाई मात्र उत्खन्न संकल्न गर्न पाईनेछ।
२४. प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदनमा उल्लेख भएको शर्तको अधिनमा रही उत्खन्न संकल्न गर्नुपर्नेछ।
२५. वन क्षेत्रबाट बालुवा, ढुङ्गा, गिटी, र ग्राभेल उत्खन्न गर्न पाइने छैन।
२६. ठेकेदारले ठेक्का स्वीकृत भए पश्चात कबोल रकमको नियमानुसार १३ प्रतिशत मुल्य अभिवृद्धि कर र १.५ प्रतिशत अग्रीम आय करको रकम आन्तरिक राजस्व कार्यालयमा दाखिला गर्नुपर्नेछ।
२७. बोलपत्र फारम खरिद गर्ने अन्तिम मिति र समय :– १५ औं दिन कार्यालय समय सम्म।
२८. शिलबन्दी बोलपत्र फारम दाखिला गर्ने मिति र समय :–१६ औं दिन दिनको १२बजे सम्म।
२९. शिलबन्दी बोलपत्र फारम खोल्ने मिति र समय :– १६ औं दिन दिनको २ बजे।
३०. शिलबन्दी बोलपत्र खोल्ने स्थान : बटेश्वर गाउँपालिकाको कार्यालय बटेश्वर, धनुषा।

प्रमुख प्रशासकिय अधिकृत